# राजनीतिमा दलित सहभागिता :

## एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) कास्की एक अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत

राजनीतिशास्त्र बिषयको स्नातकोत्तर तह दोस्रो वर्षको

दशौंपत्रको प्रयोजनार्थ पृथ्वीनारायण क्याम्पस,

राजनीतिशास्त्र विभाग, पोखरामा प्रस्तुत

**शोधपत्र**


शोधार्थी

शिव बहादुर सुनार

रोल नं. : ४/०६८

त्रि.वि.द.नं. : ७२९९-९४

त्रिभुवन विश्वविद्यालय

पृथ्वीनारायण क्याम्पस

राजनीतिशास्त्र विभाग, पोखरा

# सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकायअन्तर्गत राजनीतिशास्त्र विषयको स्नातकोत्तर तहको पाठ्यक्रमअनुरूप शिव वहादुर सुनारले **राजनीतिमा दलित सहभागिता : एकिकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) कास्की एक अध्ययन** शीर्षकमा प्रस्तुत शोध-पत्र मेरो निर्देशन तथा सुपरीवेक्षणमा तयार पार्नुभएको हो। शोधकर्ताले तयार गरेको शोधकार्यबाट म सन्तुष्ट छु। प्रस्तुत शोधकार्यको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु।

मितिः २०७०/०८/१२

Nov. 27, 2013

**शोध-निर्देशक**

सह प्रा. प्रेम प्रसाद पौडेल

राजनीतिशास्त्र विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा

त्रिभुवन विश्वविद्यालय

पृथ्वीनारायण क्याम्पस

राजनीतिशास्त्र विभाग, पोखरा

# स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय राजनीतिशास्त्र विषयको स्नातकोत्तर तहको पाठ्यक्रमअनुरूप द्वितीय वर्षको दशौं पत्रको प्रयोजनका लागि शिव वहादुर सुनारद्वारा **राजनीतिमा दलित सहभागिता : एकिकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) कास्की एक अध्ययन** शीर्षकमा तयार पारिएको शोध-पत्रलाई स्वीकृति प्रदान गरिएको छ ।

## शोध–पत्र मूल्याङ्कन समिति

१. विभागीय प्रमुख : सह प्राध्यापक हरिमोहन शर्मा ..............................

२. बाह्य परीक्षक : उप-प्राध्यापक डा. दीर्घमान गुरुङ्ग ..............................

३. शोध-निर्देशक : सह-प्राध्यापक प्रेम प्रसाद पौडेल ..............................

४. अनुसन्धान संयोजक : सह प्रा. डा. उमानाथ बराल .................................

मितिः २०७०/०८/१८

Dec. 3, 2013

# स्वकथन

स्नातकोत्तर तह दोस्रो वर्षमा ऐच्छिक रूपमै भए पनि "शोध" लेख्ने प्राबधान आफैमा रचनात्मक चिन्तनको उपज हो । यसले विद्यार्थीमा खोज-अनुसन्धान, जनसम्पर्क, अन्तरक्रिया र भावाभिव्यक्ति-कौशलको अभिवृद्धि गराउँछ । विश्वविद्यालयले कोरा उत्पादन बढाएर शैक्षिक बेरोजगारको भीड बढाउनुभन्दा थोरै भए पनि "पाक्क्रीडा" द्वारा विद्यार्थीलाई प्रयोगात्मक परीक्षा उत्तीर्ण गराउनु समयको मागलाई स्वीकार्नु हो । व्यवहारशून्य विद्वान्हरूले राज्यको लोकतान्त्रिककरणलाई थेग्न सक्दैन । यसैले अब यस विषयमा प्राध्यापन र पठनपाठनलाई व्यवस्थित गर्दै लैजानु अपरिहार्य भएको छ ।

मैले पृथ्वीनारायण क्याम्पसमा राजनीतिशास्त्र स्नातकोत्तर तहको दोस्रो वर्षको अध्ययनक्रममा "शोधपत्र" लेख्ने रहर गरेँ । मेरो इच्छानुसार विभागका आदरणीय गुरुहरु प्रेम प्रसाद पौडेल र डा.उमानाथ बरालले शोधपत्र लेख्न प्रोत्साहित गर्नु भयो । उहाँहरुले दिएको सुझाव अनुसार नै शोध शीर्षक बनाएँ । **राजनीतिमा दलित सहभागिता : ए.ने.क.पा.माओवादी कास्की एक अध्ययन** अहिलेको परिवर्तित सन्दर्भमा सबैको भन्दा जल्दोबल्दो विषयवस्तु भएकाले यस सन्दर्भका टिप्पणीहरू यत्रतत्र पाइए पनि सिलसिलाबद्ध ढङ्गको साङ्गोपाङ्गो कृति भेट्टाउनु गाह्रो रहेछ ।

यस शोधपत्रको मसौदा राजनीतिशास्त्र विभाग पृथ्वीनारायण क्याम्पस पोखरामा प्रस्तुत गरी २०७०।०८।१८ मा भएको मौखिक परीक्षामा महत्वपूर्ण सुझावहरु प्रदान गर्नु भएकोमा विभागीय प्रमुख सह-प्रा.हरिमोहन शर्मा र वाह्य विशेषज्ञ डा.दीर्घमान गुरुङ लाई आभार व्यक्त गर्दछु । साथै शुद्धाशुद्धी हेरेर सहयोग गरिदिने आदरणीय गुरु तारा पौडेल प्रति हार्दिक धन्यवाद दिन चाहान्छु । त्यस्तै यस शोधपत्रको सम्पूर्ण विषयवस्तु र अध्ययन विधिमा विस्तृत रुपमा हेरी संशोधन र परिमार्जन गर्न विशेष योगदान पुऱ्याउनु भएकोमा यस विभागका अनुसन्धान समितिका संयोजक तथा सह-प्राध्यापक डा.उमानाथ वरालप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । साथै शुद्धाशुद्धी हेरेर सहयोग गरी दिने मौखिक परिक्षामा प्राप्त सुझावहरुलाई संलग्न गरी परिमार्जित प्रतिको रुपमा प्रस्तुत शोधपत्र वुझाएको छु ।

शोधकार्य निश्चय नै बृहत् कार्य हो । एकजना विद्यार्थीको परिस्थिति र परिसीमाभित्र रहेर जे जति गर्न सकिन्थ्यो, मैले प्रयत्न गरेको छु । अध्ययनलाई निरन्तरता कायम राख्ने प्रण गर्नु यहाँ म कर्तव्य ठान्दछु । शोधकार्य व्यक्तिको वैयक्तिक प्रयासजस्तो देखिए तापनि यस कार्यमा बाह्य सहयोग अनिवार्य आवश्यक हुने गर्छ । यस शोधअध्ययनलाई पुरा गर्न गुरुहरू, साथीहरू र श्रीमती कल्पना सुनारको ठूलो सहयोग प्राप्त भएकोमा उहाँहरु सबै धन्यवादको पात्र हुनुहुन्छ । पार्टीमा आवद्ध नेता, कार्यकर्ता एवं सहिद परिवारले मेलै तयार गरेको प्रश्नावलीहरु भरेर आफ्नो विचार, अनुभवहरु राखी ठूलो सहयोग गर्नु भएको छ । म उहाँहरूप्रति आभारी छु ।


**प्रस्तोता**

शिव बहादुर सुनार

रोल नं.: ४/२०६८

राजनीतिशास्त्र विभाग

पृथ्वीनारायण क्याम्पस

पोखरा


मिति: २०७०/१०/०३

# अध्ययन शार

नेपालको राजनैतिक इतिहांसमा हिन्दुवर्णाश्रम व्यवस्थामा आधारीत शासनप्रणालीले गर्दा विधिवत् रुपमा वि.स.१४३७ देखि जयस्थिति मल्लले समाज  सुधारको नाउँमा गरिएको व्यवस्थाबाट दलित समुदायहरु माथि शोषण, भेदभाव हुदै आएको पाइन्छ । जसले गर्दा राज्यसत्ताबाट पूर्ण रुपमा बञ्चित हुनु पर्ने अवस्था आएको देखिन्छ । दलित समुदायका अगुवाहरुले आफ्नो जातीय मुक्ति तथा समानताको लागि वि.स.२००४ सालदेखि नै विभिन्न संगठन मार्फत आन्दोलन गरेको पाइन्छ । दलित आन्दोलनलाई राजनीतिक आन्दोलन संग जोड्न नसक्दा दलित आन्दोलनले गति लिन सकेको पाइएन । कुल जनसंख्याको तेह्र प्रतिशत जनसख्या भएको दलित समुदायहरुको राजनीतिमा न्यून सहभागिता छ। नेपालमा प्रजातन्त्रको स्थापना तथा यसको पुर्नस्थापना, अझ गणतन्त्रको आयाम संगैमात्र यहाँको राजनीतिक व्यवस्था समावेशी हुँदै आएको हो । राजनीतिक सहभागिताको लागि प्रमुख आधार भनेको राजनीतिक दलहरुनै हुन् । यस सर्न्दभमा नेपालको केही प्रभावशाली राजनीतिक दल जस्तै एकिकृत नेपाल कम्युनिष्ट पार्टी  (माओवादी) नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाल कम्युनिष्ट पार्टी - माओवादी मा दलित समुदायको राजनीतिक सहभागिता भएको देखिन्छ। नेपालमा १३३ राजनीतिक दल दर्ता भएको पाइन्छ। .ने.क.पा.माओवादीले संञ्चालन गरेको दशवर्षे जनयुद्धमा कास्की जिल्लाको यस पार्टीमा संगठीत दलित नेता, कार्यकर्ताको  भूमिका र बलीदानीलाई अभिलेखीकरण गर्नु आफैंमा एक समस्या हो, त्यसलाई परिपूर्ति गर्न यो शोधपत्र उन्मूख छ । यस शोधपत्रमा मूलत नेपाली राजनीतिमा दलित सहभागिता के कस्तो छ ?, , ए.ने.क.पा (माओवादीमा) दलित समुदायको कस्तो सहभागिता छ ?, ए.ने.क.पा.माओवादीमा दलितहरु लाग्नुका कारणहरु के के हुन र उनीहरु आफ्नो भूमिका प्रति के कस्तो मूल्याड.कन राख्दछन् ? भन्ने प्रश्नहरु उठान गरिएका छन् ।

प्रस्तुत अध्ययनमा अध्ययनको ढाँचा वर्णनात्मक र विश्लेषणात्मक रहेको छ । यस अध्ययनमा तथ्याङक सँकलनको लागि प्राथमिक तथा द्वितीय दुवै स्रोतहरुको प्रयोग गरिएको छ । द्वितीय स्रोतका रुपमा पुस्तक, स्मारिका, पत्रपत्रिकाहरु, सम्बन्धीत ऐन र नियमावलीहरु तथा सम्बद्ध अभिलेखहरु उपयोग गरि पुस्तकालय विधि प्रयोग गरिएको छ।  प्राथमिक स्रोत अन्तरगत प्रश्नावली सूची र अन्तरवार्ता विधिहरु प्रयोग गरिएका छन् ।

नेपालमा तत्कालिन ने.क.पा.(माओवादी) ले संचालन गरेको १० वर्षे जनयुद्धमा दलित समुदायहरुको सहभागिता अधिकतम् नै देखिन्छ । माओवादी जनयुद्धको क्रममा देशै भरीबाट दलितहरु १०८४ जना सहिद र ६८ जना बेपत्ता भएको पाइयो भने कास्की जिल्लामा शहिद हुनेहरु सबै जातिहरु बाट ३९ जना र वेपत्ता १९ जना भएका रहेछन । त्यस्तै गरी दलित समुदायबाट शहिद ११ जना र वेपत्ता २ जना भएको पाइयो । जनयुद्ध र जनआन्दोलनको बलमा भएको मिति २०६४ को ऐतिहासीक सबिधानसभाको निर्वाचनमा प्रभावशाली पार्टीहरुबाट प्रत्यक्ष तर्फ उठाइएका दलित उम्मेदवारहरु मध्ये एमाओवादीबाट उठाइएका उम्मेदवार मात्र ७ स्थानबाट विजय हासिल गरेका थिए । त्यस्तै गरी एमाओवादीले समानुपातिकमा पनि १९ जना दलित सहभागि गराएको पाइन्छ । कास्की जिल्लाको प्रभावशाली राजनीतिक दलहरुमा दलित समुदायहरुको सहभागिताको स्तर दयनीय छ । जसमा आफूलाई प्रजातान्त्रिक पार्टी भन्न रुचाउने नेपाली कांग्रेसको जिल्ला कार्य समितिमा दलितको सहभागिता छैन । वामपंन्थी दलहरुमा एनेकपा माओवादी, एमाले र ने.क.पा-माओवादीको जिल्ला समितिमा अन्य दलहरुको तुलनामा उल्लेख्य दलित सहभागिता भएको देखिन्छ । एमाओवादी कास्कीमा जम्मा पार्टी सदस्यहरु ५,१५६ जना भएको पाइयो । जसमा राज्य सदस्यहरु ६१ जना छन्, भने दलित राज्य सदस्यहरु ७ जना देखिन्छन । कास्की जिल्लामा पार्टी जिल्ला सदस्यहरु २३० जना छन् भने दलित जिल्ला सदस्यहरु ३१ जना भएको पाइन्छ । यस जिल्लामा इलाका सदस्यहरु ५१९ जना छन् भने दलित इलाका सदस्यहरु ७८, जना छन । जुन कुल इलाका सदस्यको १५ प्रतिशत हुन्छ । जम्मा दलित पार्टी सदस्यहरु ८७८ जना छन् । जसमा महिलाहरु १९९ र पुरुषहरु ६७९ छन् जुन कुल संख्याको १७ प्रतिशत हुन्छ ।

एमाओवादी कास्कीमा दलित सहभागिताको विषयमा अध्ययन गर्दा यस जिल्लाका ४ निर्वाचन क्षेत्रमा यस दलका संगठनहरुमा दलित सहभागितालाई विवरणको विश्लेषण पनि गरिएको छ । यसले के देखाउँछ भने, एमाओवादीमा संगठीत पार्टी सदस्यहरुको कुल संख्याको आधारमा दलित सहभागिता समानुपातिक नै देखिन्छ भने कमिटिमा पनि समानुपातिक सहभागिता भएको पाइयो । तर कमिटिको नेतृत्व तहमा भने दलितहरुको न्युन सहभागिता पाइन्छ । यसले के देखाउछ भने एमाओवादीले दलितहरुलाई राजनीतिक नेतृत्व दिने सवालमा नीति र विधिलाई समाउन सकेको पाइएन् । दलित समुदायहरु एमाओवादीमा

यसका नाराहरुबाट प्रभावित भई सामाजिक परिवर्तन तथा दलित समुदायको मुक्तिका निमित्त लागेका देखिन्छ । शान्ति प्रक्रियामा एमाओवादी आएपछि दलितहरु प्रतिको व्यवहारमा असमनता आएको, दलितहरुको क्षमताको सही मूल्याङकन नभएको, पार्टी भित्र पनि सांस्कृतिक विभेद, राजनीतिक विभेद मौलाउन थालेको भन्ने विचारहरु यस दलका कार्यकर्तामा छ । संख्यात्मक हिसावले दलितहरुको समानुपातिक सहभागिता भए पनि नेतृत्वतहमा दलितहरुको सहभागिता न्यून नै भएको पाइयो । एमाओवादी भित्र संगठीत दलितहरु पनि नारा र भाषणमा भने जस्तो व्यवहारमा पाउन सकेको देखिएन ।

दलितहरुको भनाइमा राजनीतिले नै परिवर्तन, विकाश, शान्ति, सुशासन कायम गर्ने भएकोले नै राज्यसत्ताबाट बञ्चित दलितहरु राजनीतिमा सहभागि हुनु जरुरी देखिन्छ । एमाओवादीमा दलितहरु संगठीत हुनुका कारणहरु दलितहरुलाई विशेषाधिकारको माध्यमबाट राज्यसत्तामा प्रतिनिधित्व गराउने र जातिय बिभेद तथा छुवाछुत प्रथालाई पूर्णरुपमा अन्त्य गर्ने नाराहरु एमाओवादीमा भएकोले सामाजीक परिवर्तन तथा दलितहरुको मुक्तिको लागि एमाओवादीमा लागेका देखिन्छन । दलितहरुको उत्थानको सम्वन्धमा दलितहरुलाई राज्यले नीति निर्माण तथा रोजगारीमा विशेषाधिकार दिनु पर्ने भनाई छ । त्यस्तै गरी दलित अभियन्ताहरुको विचारमा एमाओवादीमा पनि दलित उपर भेदभाव हुन्छ र दलितहरु कै वीचमा पनि सामाजिक सवालमा भेदभाव भएको पाइयो ।

दलित समुदायहरुको लागि ६० वर्षमा वृदभत्ता, जग्गा खरिद गर्दा रजिष्ट्रेशन शुल्कमा २५ प्रतिशत छुट हुनु, दलित बालबालिकाहरुलाई पोषण भत्ताको व्यवस्था हुनु, शिक्षामा केही छात्रवृत्तिको व्यवस्था हुनु र जातिय भेदभाव तथा छुवाछुतलाई निरुत्साहित पार्न जातीय भेदभाव तथा छुवाछुत कसूर र सजाय ऐन २०६८ आउनु उपलब्धिको रुपमा लिएको पाइन्छ राजनीतिक दलहरुले दलित समुदायहरुलाई मतदाता र आन्दोलनको कर्मचारीको बनाउने सोच हुनु र गरिवी, अशिक्षा, बेरोजगार आदिका कारण राजनीतिमा सक्रियतापूर्वक लाग्न नसक्नु र दलितहरुमा आफैंमा असहज मानसिकता हुनु आदि जस्ता तथ्यहरु दलितहरुको राजनीतिक सहभागिताका लागि चुनौतिका विषय बनेको पाइन्छ ।

# विषय-सूची


| शीर्षक | पृष्ठ |
|---|---|
| सिफारिस पत्र | |
| स्वीकृति पत्र | |
| स्वकथन | |
| अध्ययन सार | |
| विषय-सूची | |
| तालिका-सूची | |
| **परिच्छेद-एक : अनुसन्धानको परिचय** | **१-१२** |
| १.१ भूमिका | १ |
| १.२ समस्या कथन | ४ |
| १.३ शोधका उद्देश्यहरु | ५ |
| १.४ अनुसन्धानको विधि | ५ |
| १.५ अध्ययनको सीमा | ६ |
| १.६ पूर्वसाहित्यको समिक्षा | ६ |
| १.७ अनुसन्धानको महत्त्व | ११ |
| **परिच्छेद-दुई : राजनीतिक सहभागिता र दलित सम्बन्धि सैद्धान्तीक अवधारणा** | **१३-२८** |
| २.१ राजनीतिक सहभागिताको अर्थ | १३ |
| २.२ दलितको परिचय र अर्थ | १५ |
| २.३. सबै किसिमको जातीय भेदभाव उन्मूलन गर्ने सम्वन्धी महासन्धी, १९६५ | १८ |
| २.४ दलित जाती | १९ |
| २.४.१. पहाडी दलित | १८ |
| २.४.२. नेवारी समुदायका दलितहरु | १९ |
| २.४.३. मधेशी समुदायका दलितहरु | १९ |
| २.५. दलित संम्बन्धि संबैधानीक र कानूनी व्यवस्था | १९ |
| २.५.१. जातीय भेदभावजन्य कार्यलाई संरक्षण गर्ने खालका कानुनी व्यवस्था | १९ |
| २.५.२. अन्तरिम संविधान २०६३ मा गरिएको संवैधानिक व्यवस्था | २० |

२.५.३. जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाँय) ऐन, २०६८) २५
२.५.४. जातीय भेदभाव तथा छुवाछुत संम्वन्धी कसुर गर्नेलाई गरिएको सजाँयहरु २८
**परिच्छेद-तीन : नेपालको राजनीतिमा दलित सहभागिता २९-४८**
३.१ पृष्ठभूमि २९
३. २. पञ्चायत काल हुदै संसदीय राजनीतिमा दलित सहभागिता २९
३.३. राजनीतिक पार्टीहरुको केन्द्रीय समितिमा दलित समुदायको सहभागिता ३२
३.४. माओवादी जनयुद्धमा दलित समुदायको भूमिका ३३
३.५. जनमुक्ति सेनामा दलित सहभागिता ४३
३.६ २०६३ सालको अन्तरीम व्यवस्थापिका-संसदमा तात्कालीन ने.क.पा.माओवादी बाट प्रतिनिधित्व गर्ने दलित विधायकहरु ४५
३.७. २०६४ साल चैत २८ मा भएको ऐतिहासीक संबिधान सभाको निर्वाचनमा प्रत्यक्ष तर्फ निर्वाचित दलित सभासदहरु ४३
**परिच्छेद-चार : कास्की जिल्लाको दलीय राजनीतिमा दलित सहभागिता ४९-६७**
४.१ कास्कीका राजनीतिक दलहरु र दलित ४९
४.२. ए.ने.क.पा. माओवादी कास्कीमा दलित सहभागिता ४९
४.२.१. कास्की क्षेत्र नं १ अन्तरगतका गाउँ तथा वडा कमिटीमा दलित सहभागिता र पार्टी सदस्यहरु ५२
४.२.२. कास्की क्षेत्र नं २ अन्तरगतका गाँउ तथा वडा कमिटीमा दलित सहभागिता र पार्टी सदस्यहरु ५४
४.२.३. कास्की क्षेत्र नं ३ अन्तरगतका गाँउ तथा वडा कमिटीमा दलित सहभागिता र पार्टी सदस्यहरु ५५
४.२.४. कास्की क्षेत्र नं ४ अन्तरगतका गाउँ तथा वडा कमिटीमा दलित सहभागिता र जम्मा पार्टी सदस्यहरु ५६
४.२.५. ए.ने.क.पा.माओवादी कास्कीको जनवर्गीय संगठनमा दलित समुदायको सहभागिता ५७
४.३. जनयुद्धको क्रममा कास्की जिल्लाबाट बलीदानी गर्ने दलित सहिदहरु ५८
४.४. कास्की जिल्लाका दलित समुदायहरु ए.ने.क.पा.माओवादीमा लाग्नुको कारण ५९

४.५ दलित र बिशेष अधिकारसंम्वन्धमा एमाओवादीमा संलग्न दलितको विचार ५९

४.६ पार्टी भित्र दलितमाथि भेदभाव ६०

४.७ पार्टी भित्र दलित, दलित बीचको भेदभाव ६२

४.८ एमाओवादी पार्टीमा दलित सदस्यहरुको मूल्याङ्कन ६२

४.९ सहिद, बेपत्ता र घाइतेहरु प्रति पार्टीको व्यवहार ६३

४.१०. राजनीतिमा दलित सहभागिताको आवश्यकता ६३

४.११. पार्टी शान्ति प्रक्रियामा आएपछि दलितले प्राप्त गरेका उपलव्धिहरु ६४

४.१२. दलित सहभागिताको चुनौतिहरु ६४

४.१३. तथ्याङकको विश्लेषणको निष्कर्ष ६५

**परिच्छेद-पाँच : उपसंहार, निष्कर्ष तथा सुझाव ६८-७३**

५.१ उपसंहार ६८

५.२ निष्कर्ष ७०

५.३ सुझाव ७२

**सन्दर्भ सूची**

**परिशिष्ट - एक**

**अन्तरवार्ता - प्रश्नावली**

## तालिका-सूची


| तालिका | शीर्षक | पृष्ठ |
|---|---|---|
| ३.१ | नेपालका मुख्य राजनीतिक दलहरुका केन्द्रीय समितिमा दलित समुदायको प्रतिनिधित्व | ३२ |
| ३.२ | सेती-महाकाली राज्यमा  दलित सहिद तथा वेपत्ताको स्थिति | ३५ |
| ३.३ | थारुवान राज्यमा सहिद तथा वेपत्ता दलितको विवरण | ३६ |
| ३.४ | भेरी-कर्णाली राज्यमा सहिद तथा वेपत्ताको स्थिति | ३६ |
| ३.५ | मगरात राज्यमा सहिद तथा वेपत्ता दलितको स्थिति | ३७ |
| ३.६ | तमुवान राज्यमा सहिद तथा वेपत्ता दलितको स्थिति | ३८ |
| ३.७ | ताम्सालीङ राज्यमा सहिद तथा वेपत्ता दलितको स्थिति | ३८ |
| ३.८ | नेवा राज्यमा सहिद तथा वेपत्ता दलितको स्थिति | ३९ |
| ३.९ | अवध राज्यमा सहिद तथा वेपत्ता दलितको स्थिति | ३९ |
| ३.१० | भोजपुरा राज्यमा सहिद तथा वेपत्ता दलितको स्थिति | ४० |
| ३.११ | मिथिला राज्यमा सहिद तथा वेपत्ता दलितको स्थिति | ४० |
| ३.१२ | किरात राज्यमा सहिद तथा वेपत्ता दलितको स्थिति | ४१ |
| ३.१३ | कोचीला राज्यमा सहिद तथा वेपत्ता दलितको स्थिति | ४१ |
| ३.१४ | लिम्वुवान राज्यमा सहिद तथा वेपत्ता दलितको स्थिति | ४१ |
| ३.१५ | अन्तरिम व्यवस्थापिका-संसदमा दलित (माओवादी) को प्रतिनिधित्व | ४३ |
| ३.१६ | संबिधानसभा (२०६४) मा प्रत्यक्ष रुपमा जननिर्वाचित दलित (माओवादी) सभासदहरुको विवरण | ४३ |
| ३.१७ | संबिधानसभा (२०६४) मा समानुपातिक तर्फ निर्वाचित दलित सभासदहरुको विवरण | ४४ |
| ४.१ | कास्की जिल्लाका मुख्य राजनीतिक दलहरुका संगठनमा दलितको प्रतिनिधित्व | ५० |
| ४.२ | कास्कीको क्षेत्र नं १ मा एमाओवादी संगठनमा दलितहरुको उपस्थितिको विवरण | ५२ |
| ४.३ | कास्कीको क्षेत्र नं २ मा एमाओवादी संगठनहरुमा दलितको प्रतिनिधित्वको विवरण | ५४ |
| ४.४ | कास्कीको क्षेत्र नं ३ मा एमाओवादी संगठनहरुमा दलितको प्रतिनिधित्वको विवरण | ५५ |
| ४.५ | कास्कीको क्षेत्र नं ४ मा एमाओवादी संगठनहरुमा दलितको प्रतिनिधित्वको विवरण | ५६ |

४.६ एमाओवादी कास्कीको जनवर्गीय संगठनहरुमा दलितको उपस्थिति ५७
४.७ तत्कालिन ने.क.पा.(माओवादी) जनयुद्धमा कास्की जिल्लाबाट वलीदान गर्ने दलित शहिद तथा वेपत्ताहरुको विवरण ५८
४.८ एमाओवादीमा दलित सहभागिताका कारणहरु ६०
४.९ दलित उत्थानमा एमाओवादीको नीतिप्रति दलितको अभिमत ६०
४.१० एमाओवादी दलमा दलित उपरको भेदभाव ६१
४.११ एमाओवादी दलभित्र दलितहरु वीचको भेदभाव ६२
४.१२ दलित सदस्यको कार्यक्षमताको एमाओवादीमा मूल्याङ्कन ६२
४.१३ एमाओवादी दलमा सहिद, वेपत्ता तथा घाइते दलित प्रतिको व्यवहार ६३